(/)




(http://www.ekantipur.com)

3
SHARES

अर्थ / वाणिज्य (/category/2)

# कृषिमा ३५ अर्ब

अनुदानले आत्मनिर्भर हुन सकिएला ?

- सुरज कुँवर (/author/+सुरज+कुँवर), काठमाडौं

जेष्ठ १६, २०७३- यसै वर्षदेखि लागू भएको २० वर्षे कृषि विकास रणनीतिलाई आधार मानेर ल्याइएको कृषिसहित पशु क्षेत्रको कुल बजेट ३५ अर्बको हाराहारी पुगेको छ । यो अघिल्लो वर्षको दाँजोमा ८ अर्ब बढी हो ।

व्यवस्थापिका संसद् मातहतको कृषि तथा जलस्रोत समितिले दुई महिनाअघि अनुदान पारदर्शी र उपलब्धिमूलक नभएको तथा यसले कृषि उत्पादनमा पनि वृद्धि गराउन नसकेको टिप्पणी गरेको थियो । त्यही अवस्थामा मन्त्रालयले अनुदानका



ekantipur

कार्यक्रमलाई थप बिस्तार गर्दै पहिलोपटक प्रधानमन्त्री पदसँग जोड्दै कार्यक्रम ल्याएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना भनिएको यो कार्यक्रमले विशिष्टीकृत कृषि उत्पादन क्षेत्र निर्धारण गर्दै कार्यक्रम सञ्चालन गर्ने छ ।

कृषिप्रधान भनिने मुलुकका लागि एमालेका अर्थमन्त्री विष्णु पौडेलले १४ भन्दा बढी खाद्यान्नको उत्पादन वृद्धि गर्दै मुलुकलाई १० वर्षभित्र आत्मनिर्भर बनाउने यो कार्यक्रममार्फत शनिबार संसद्मा सार्वजनिक गरे । उनले यो कार्यक्रमका लागि मात्रै ५ अर्ब ७८ करोड रुपैयाँ बजेट विनियोजन गरिएको बताए । यो कृषि विकास मन्त्रालयको सबैभन्दा ठूलो बजेट भएको कार्यक्रम हो ।

यसले आगामी वर्ष गहुँ र तरकारी बालीको उत्पादन बढाई यी दुई क्षेत्रमा आत्मनिर्भर हुने दाबी गरेको छ । त्यसपछि दुई वर्षभित्र धान र आलु, तीन वर्षभित्र मकै र माछा, चार वर्षभित्र केरा मेवा र लिची अनि दस वर्षभित्र किवी, स्याउ, सुन्तला, जुनार र आँपमा आत्मनिर्भर बनाउने दाबी गरेको छ । यो परियोजनाले आगामी वर्ष कुल गार्हस्थ उत्पादनमा ३० अर्बको रुपैयाँ हाराहारीको योगदान पुग्ने अनुमान गरिएको छ ।

'यो नै कृषिको सबैभन्दा ठूलो लगानीको कार्यक्रम हो,' मन्त्रालयका सहसचिव योगेन्द्र कार्कीले भने, 'यो वर्ष कृषि र पशुसहितको बजेट ३५ अर्ब पुगेको छ । यो वर्ष कृषिको बजेट हालसम्मकै सबैभन्दा धेरै हो । 'यदी यो वर्ष कृषिमा केही भएन भने अबका २० वर्ष नेपालको कृषिमा केही हुने छैन,' मन्त्रालयको बजेट निमार्णमा संलग्न सहसचिव कार्कीले भने ।

अर्थमन्त्री पौडेलले घोषणा गरेको खाद्यान्नको उत्पादन वृद्धि गर्दै मुलुकलाई १० वर्षभित्र आत्मनिर्भर बनाउने कार्यक्रम माटोको उर्बराशक्ति र बाली उत्पादन क्षमताका आधारमा लागू हुने छ । देशभरको भूगोलअनुसार विशिष्टीकृत कृषि उत्पादन क्षेत्र निर्धारण गर्ने जिम्मा कृषि विकास मन्त्रालयले गर्ने छ ।

जहाँ सरकारसहित निजी क्षेत्र, उद्यमीको सहभागितामा कतै कृषि उत्पादन क्षेत्र, कतै प्रशोधन र कतै बजारीकरणका गतिविधि

हुने छन् । प्रधानमन्त्री ओली नेतृत्वको मन्त्रीमण्डल सरकारमा जानेवित्तिकै कृषि विकास मन्त्री हरिबोल गजुरेलले सार्वजनिक

गरेको २७ बुँदे घोषणापत्रमा टेक्दै यो कार्यक्रमले देशका धेरै कृषि उत्पादनलाई पकेट, ब्लक, जोन र सुपरजोनमा वर्गीकरण गर्ने छ ।

यो वर्गीकरण त्यहाँको उत्पादन सम्भावनाअनुसार हुने छ । बजेटले यो कार्यक्रमलाई बजारीकरणका लागि दक्षिणी सिमाना जजिकको हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग र सहायक सडकहरूसँग जोडेको छ । यी क्षेत्रका २ हजार १ सय साना व्यवसायीहरूलाई अनुदानमार्फत आर्कषित गराउँदै कम्तीमा १० हेक्टर क्षेत्रफलमा पकेट क्षेत्र स्थापना गरिने छ ।

त्यस्तै प्रत्येक जिल्लामा कम्तीमा १ सय हेक्टर क्षेत्रफलका दुइटा कृषि उत्पादन ब्लक बनाइने छन भने करिब ५ सय हेक्टर क्षेत्रफलमा ३० वटा कृषि उत्पादन तथा प्रशोधन जोन स्थापना गरिने छ । अनि, ७ वटै प्रदेशमा एक हजार हेक्टर क्षेत्रफलका सुपर जोन स्थापना गरिने भनिएको छ । ब्लक र पकेट क्षेत्रमा उपलब्ध गराइने सेवा सुविधाबाहेक अतिरिक्त कृषि यन्त्र उपकरण र औजार सेट खरिदमा ५० प्रतिशत अनुदान दिइने घोषणा गरिएको छ । कृषि उपज संकलन केन्द्र, कृषि हाट बजार, प्राथमिक प्रशोधन केन्द्र गोदाम घर र व्यावसायिक तालिम केन्द्र निर्माणकालागी ८५ प्रतिशत पुँजीगत अनुदान दिइने भएको छ ।

कृषि उद्यमीहरूका लागि प्राविधिक शिक्षालयको व्यवस्था गराउने बाचा गर्दै सरकारले तोक्ने कृषि जोन, पकेट र ब्लकमा बीउ, बेर्ना, बिरुवा, माछाका भुराको स्रोत केन्द्र स्थापनामा ८५ प्रतिशतसम्म अनुदान दिने कार्यक्रम ल्याएको छ । त्यस्तै उत्पादन प्रशोधन केन्द्र, गोदाम घर र शीतभण्डार स्थापना गर्न चाहाने व्यवसायीलाई पुँजीगत खर्चमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने भनेको छ ।

यदी सरकारले ल्याएको यो कार्यक्रम सफल भए कृषिजन्य उत्पादनका लागि वर्षेनी विदेशिने अर्बौं रुपैयाँ जोगिने छ । हाल वार्षिक ३० अर्ब हाराहारी रुपैयाँ कृषिजज्य आयतमा खर्च हुने गरेको छ ।
रासायनिक मल अनुदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिदै सरकारले यस वर्ष ४८ हजार हेक्टरमा सिँचाइ सेवा थपेर कुल सिँचाइ हुने क्षेत्रफल १४ लाख ३७ हजार हेक्टर पुऱ्याउने दाबी गरेको छ । कृषि तथा पशुपक्षी बिमाको प्रिमियममा ७५ प्रतिशत

अनुदान कार्यक्रमलाई निरन्तरता दिँदै सरकारले कृषि कर्जामा दिइने ब्याज अनुदान वृद्धि गरेको छ ।

अब किसानले ५ प्रतिशत ब्याजदरमा कृषि कर्जा पाउने छन् । कर्जाको सीमा गत वर्षसम्म १ करोड थियो । अब यो सीमा पनि हटाइएको छ । किसानले कृषि कर्जा जति पनि लिन पाउने छन् । धितोका रूपमा कृषि बाली पनि राख्न सकिने भएको छ । त्यसैगरी मुख्य बालीहरूको समर्थन मूल्य बाली लगाउनु पूर्व नै तोक्ने चुनौती पनि बजेटले सार्वजनिक गरेको छ । हालसम्म बाली उत्पादन भइसकेपछि तोकिने समर्थन मूल्य लागू हुन सकेको छैन । त्यसैगरी निर्यात प्रवद्र्धन गर्ने उद्देश्य राखेर कृषिमा पहिलोपटक प्रतिफलमा आधारित अनुदान कार्यक्रम पनि ल्याइएको छ ।

यसैबीच कृषिबाटै अलग्याइएको पशुपक्षी विकास मन्त्रालयले पनि आगामी एक वर्षभित्र अन्डा, दुई वर्षभित्र मासु र तीन वर्षभित्र दूध उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउने कार्यक्रम ल्याएको छ । यो कार्यक्रमका लागि ८ अर्ब ४६ करोड बजेट विनियोजन गरिएको छ ।

सरकारले चितवन र धादिङमा कुखुरा उत्पादनमा विशिष्टीकृत गर्ने तथा हुलाकी र मध्यपहाडी राजमार्ग आसपासमा समुदायसँग मिलेर फलफूल वन विकास गर्ने कार्यक्रम पनि घोषणा गरेको छ । त्यसैगरी किसान आयोग गठन गर्दै कृषकलाई चार भागमा वर्गीकरण गर्ने, सामाजिक कोष स्थापना गर्नकालागी सम्भावना अध्ययन गर्ने कार्यक्रम पनि बजेटमा समेटीएका छन् । जग्गा ओगटेर उत्पादन नगर्ने प्रवृत्तिलाई हतोसाही गराउन सरकारले कृषि जमिन बाँझो राख्न नपाइने भन्दै राखेमा औसत उत्पादनको २५ प्रतिशत जरिवाना जग्गाधनीबाट असुल्ने भनेको छ ।

प्रकाशित: जेष्ठ १६, २०७३

Like 3